# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ १६ गते २०१२ साल

## भाग ८

### मालपोतविभागको विज्ञप्ति

८३१ मिति ०१२-२—१०—३ मा

यो साल पूर्व, तराइतर्फ बाढीले बिगारेको र साथै सुखा परी जर्ता भएकोले माल गोस्वारासहित स्थानीय समितिद्वारा जाँच गर्ने आदेश भै भएकोमा अरू जिल्लामा कसैको दरखास्त परेको र जाँचसमेत नभएको महोत्तरी, सर्लाही, सिराहा, हनुमाननगर, विराटनगर जिल्लाको जाँच भै आएसम्मको जर्ताको पाटिवारी र स्थानीय समितिसमेतको राय औ मनखप, हुण्डा, ठेकामा लागेको र भीठ जग्गाको जर्ता-मिनाहा नपाउने राय बेहोरासमेत जाहेर हुँदा बाढीतर्फको हकमा अघि निकाशा भैसकेको हुनाले सुखा जर्ता परेकालाई माल गोस्वारासमेत भै जाँच भएको जतिमा खडा बाली हेरी रीतपूर्वकको जाँच भएको नदेखिए तापनि जर्ता परेको भनी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानीय बडाहाकिमसमेतले लेखेको हुँदा सो जाँचमा आठआनासम्म जर्ता परेको भनी लेखिएकालाई र जाँचै नगराएकोलाई मिनाहा हुँदैन । आठआनाभन्दा बढी बाह्रआनासम्म जर्ता परेको भनी लेखेकोलाई चार आनाका दरले र बाह्रआना-भन्दा माथिलाई छ आनाका दरले औ पन्ध्रआना र त्यसभन्दा बढी जर्तालाई दशआनाका दरले पोतमा मिनाहा दिने गरी निर्णय भएकोले यो विज्ञप्ति प्रकाशित गरिदिएको छ । सरोकारवाला अड्डाहरूले पनि लेखिएबमोजिम गर्नु गराउनुहुनेछ ।

आज्ञाले—

उमेश्वरलाल

का. मु. सेक्रेटरी—मालपोतविभाग.

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर विष्णुप्रसाद जोशी.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।